## आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.

# बाईसौं वार्षिक साधारण सभाको

## छलफल तथा निर्णयहरुको विवरण

## (माइन्यूट)

आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.
पो.ब. २०७८९, पुतलीसडक, काठमाडौं
फोन नं. : ४२६८०१९, ४२६८०२०
फ्याक्स : ४२४७७०२

# आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.
# बाईसौं वार्षिक साधारण सभामा भएका
# छलफल तथा निर्णयहरुको विवरण (माइन्यूट)

आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.को मिति २०७७/७/२४ का दिन बसेको संचालक समितिको ३४८ औं बैठकको निर्णय अनुसार बोलाइएको संस्थाको बाईसौं वार्षिक साधारण सभा २०७७ साल मंसिर २२ गते सोमबार (December 7, 2020) का दिन बिहान ११:०० बजे संस्थाको केन्द्रीय कार्यालय, पुतलीसडक, काठमाडौंबाट सञ्चालन भयो । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको कारणले नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा संचालन गर्नुपर्ने विशेष परिस्थितिका कारण उक्त साधारण सभा विद्युतिय (भर्चुअल) माध्यमबाट सञ्चालन हुने व्यवस्था गरी सभा गरिने व्यहोरा उल्लेख गरी मिति २०७७/७/२६ को **अभियान** राष्ट्रिय दैनिक र २०७७/८/४ को **कारोबार** राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

सोही बमोजिम संचालक समितिका अध्यक्ष श्री सुजाता जोशीको सभापतित्वमा निम्न मिति, समय र स्थानमा संस्थाको साधारण सभा सम्पन्न भयो । सो सभामा शेयरधनीहरुको उपस्थिति, वैधानिकता र छलफलका विषय तथा सभामा भएको छलफल तथा निर्णयहरु निम्न बमोजिम रहेको छ ।

१. **सभा भएको मिति, समय र स्थान**

मिति : २०७७/८/२२ गते सोमबार ।

समय : बिहान ११:०० बजे ।

स्थान : संस्थाको रजिष्टर्ड कार्यालय, पुतलीसडक, काठमाडौं । (विद्युतिय (भर्चुअल) माध्यम बाट सञ्चालन गरिएको ।)

२. **उपस्थिति, गणपुरक संख्या र सभा संचालन**

संस्थाको बाईसौं वार्षिक साधारण सभामा ७ जना संचालकहरुको उपस्थिति रहेको थियो । कम्पनी ऐन, २०६३ को परिच्छेद ५ दफा ७३ को उपदफा (२) र संस्थाको नियमावलीको नियम ५ अनुसार कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनुपर्ने प्रावधान रहेकोमा कुल शेयर संख्या ८९,९३,२३४ मध्ये ६०,३१,६९८ शेयरको ६७.०७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी ५४ जना सेयरधनीहरु उपस्थित हुनु भएको हुँदा कम्पनी ऐन, २०६३ को परिच्छेद ५ दफा ७३ को उपदफा (२) र संस्थाको नियमावलीको नियम ५ बमोजिम आवश्यक गणपुरक संख्या पुरा भई प्रचलित कानून अनुरुप सभा संचालन गर्न मिल्ने भएकोले संचालक समितिका अध्यक्ष श्री सुजाता जोशीको सभापतित्वमा सभा संचालन भएको थियो ।

३. छलफलका विषयहरु

क) साधारण प्रस्ताव

१. आ.व. २०७६/७७ को २२ औं वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन माथी छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, आ.व. २०७६/७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पूँजी रु. ८९,९३,२३,४२५।- को ५% ले हुने रकम रु.४,४९,६६,१७१।२५ (अक्षरुपी चार करोड उनन्चास लाख छैसठी हजार एक सय एकहत्तर र पैसा पच्चीस) नगद लाभांश (नगद लाभांश र कर प्रयोजनका लागि समेत) पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख) विशेष प्रस्ताव

१. संचालक समितिले सिफारिश गरे बमोजिम चुक्ता पूँजी रु. ८९,९३,२३,४२५।- को १५% ले हुने रकम रु.१३,४८,९८,५१३।७५ (अक्षरुपी तेन्ह करोड अठ्चालिस लाख अन्ठानब्वे हजार पाँच सय तेन्ह र पैसा पचहत्तर) बराबरको बोनस सेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस सेयर जारी गर्दा हुन आउने भिन्न अंक (fraction) लाई पहिलेको भिन्न अंकसंग समायोजन गरी बाँकी हुन आउने भिन्न अंक पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

२. संस्थाको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।

३. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा अन्य निकाय बाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने ।

ग) विविध

४. छलफल तथा निर्णयहरु

४.१ संचालक समितिका अध्यक्ष श्री सुजाता जोशीले समितिको तर्फबाट संस्थाको आ.ब. २०७६/७७ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । प्रतिवेदनको प्रस्तुती पछि ४ जना शेयरधनीहरुले आफ्नो राय, सुझाव सहित मन्तव्य राख्नु भएको थियो । शेयरधनीबाट व्यक्त राय, सुझव र मन्तव्यको सार निम्न बमोजिम रहेका छन् :

**१) श्री इन्द्र कृष्ण श्रेष्ठ**

आरएमडीसीले आ.व.२०७६/०७७ को लाभाशं २०% दिनु सकारात्मक रहेको बताउँनु भएको थियो । साथै उहाले आरएमडीसीको आफ्नै कार्यालय भवन हुनुपर्ने सुझाव दिदै विगतका वर्षहरुको वितरण गर्न बाँकी लाभाशं वितरणको ब्यवस्था मिलाउन सुझाव दिनु भएको थियो। आरएमडीसीको ऋणले भाखा नाघ्न गएकोले आगामी साधारण सभामा उक्त भाखा नाघेको ऋण शुन्य गर्न पनि सुझाव दिनु भएको थियो । त्यसैगरी थप शाखाहरु विस्तार गरी सेवा विस्तार गर्ने तर्फ सुझाव दिदैं संस्थाको उत्तरोत्तर प्रगतीको कामना ब्यक्त गर्नु भएको थियो ।

**२) श्री उद्धव प्रसाद घिमिरे**

आरएमडीसीको २२ औ साधारण सभामा उपस्थित भै संस्थाको वासलात सम्बन्धमा बोल्ने अवसर दिनु भएको भनी आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.को अध्यक्षज्यू, कार्यकारी प्रमुखज्यू र उच्च ब्यवस्थापन प्रती धन्यवाद ब्यक्त गर्नु भएको थियो । संस्थाको समग्र आर्थिक अवस्था सकारात्मक रहेको बताउँदै आरएमडीसीले १५% बोनश तथा ५% नगद लाभाशं दिन सफल भएकोमा धन्यवाद दिनु भएको थियो । आगामी वर्षको वित्तीय विवरण NFRS अनुसार प्रस्तुत गर्नुहुने भएको देखिन्छ । त्यसैगरी वासलात हेर्दा कार्यालय संचालन खर्चलाई सन्तुलनमा राख्न सफल भएको भनी धन्यवाद ब्यक्त गर्नु भएको थियो । विगतका वर्षहरुको वितरण गर्न बाँकी लाभाशं मध्ये क-कसको बाँकी छ पत्ता लगाएर वितरण गर्नु हुनेछ भन्ने आशा ब्यक्त गर्नु भएको थियो । साथै आरएमडीसीको वित्तीय सूचकांकहरु राम्रो देखिनु सन्हानिय भएको बताउनु भएको थियो । संस्थाको ऋण लगानी सहितको अन्य कार्य प्रगती उत्साहपूर्ण रहेको बताउदै उहाँले वार्षिक प्रतिवेदनमा संस्थाले सेवा प्रदान गरेको कार्यक्षेत्र देखिने गरी नेपालको नक्सा राख्नु उपयुक्त हुने सुझाव दिनु भएको थियो । संस्थाले संस्थागत सुशासन कायम गर्न सफल भएको र नेपाल राष्ट्र बैंकले थोक ऋण प्रदान गर्न स्वीकृत प्रदान गरेका ४ वटा संस्थाहरु मध्ये उत्कृष्ठ हुन सफल भएकोमा धन्यवाद ब्यक्त गर्नु भएको थियो । त्यसैगरी आरएमडीसीले कर्मचारीको हितमा समेत ध्यान दिनुपर्ने भन्दै सनराइज क्यापीटल लि. का कर्मचारीहरुले साधारण सभामा उपस्थित भई सहयोग गर्नु भएको वहाँहरुलाई समेत धन्यवाद ब्यक्त गर्दै आरएमडीसीको प्रगतीको कामना ब्यक्त गर्दै आफनो भनाई अन्त्य गर्नु भएको थियो ।

**३) श्री शत्रुघन श्रेष्ठ (प्रतिनिधि, साताक्षी श्रेष्ठ)**

संस्थाले आ.व. २०७६/०७७ मा १५% शेयर तथा ५% नगद लाभाशं दिन सफल भएकोमा संचालक समिति तथा ब्यवस्थापनलाई धन्यवाद ब्यक्त गर्नु भएको थियो । नेपालका लघुवित्त सेवा प्रदान गर्ने ८४ वटा संस्थाहरु मध्ये संस्था २२ औ स्थानमा पर्न सफल भएकोमा धन्यवाद ब्यक्त गर्नु भएको थियो । साथै आरएमडीसीको संचालन नाफा तथा ऋण प्रवाहमा वृद्धि हुनु उत्साहपूर्ण भन्दै आरएमडीसीले यस्तो विषम परिस्थितिमा समेत सामाजिक उत्तरदायित्वको भूमिका निर्वाह गरी नेपाल सरकारलाई समेत सहयोग गर्न सकेकोमा धन्यवाद ब्यक्त गर्नु भएको थियो । त्यसैगरी आगामी वर्ष २०% शेयर लाभाशं र ५% नगद लाभाशं वितरण गर्न सफल होस् भनी शुभकामना समेत ब्यक्त गर्नु भएको थियो ।

**४) श्री शिव प्रसाद पौडेल**

आरएमडीसीले आ.व. २०७६/०७७ मा १५% शेयर तथा ५% नगद लाभांश दिन सफल भएकोमा धन्यवाद व्यक्त गर्नु भएको थियो । आगामी वर्ष असोज महिना भित्रै संस्थाको साधारण सभा गर्न सफल होस् भनी शुभकामना व्यक्त गर्नु भएको थियो । त्यसैगरी थोक ऋण प्रदायक संस्थाहरु मध्ये लाभांश वितरणमा पहिलो हुन सकेकोमा धन्यवाद व्यक्त गर्दै प्रविधि मैत्री साधारण सभा गर्न सफल भएकोमा पुन धन्यवाद व्यक्त गर्नु भएको थियो । साथै संस्थाले बाहिरबाट आउने आगन्तुकहरुलाई व्यवसाय मैत्री व्यवहारमा जोड दिनुपर्नेमा सुझाव दिनु भएको थियो । आरएमडीसीले आफनै कार्यालय भवन बनाउनुपर्ने सुझाव दिनु भएको थियो । त्यसैगरी अघिल्लो वर्ष वितरण गर्न बाँकी लाभाशं यथाशिघ्र वितरण गर्न सुझाव दिदै यस वर्षको लाभाशं चाँडै खातामा जम्मा हुंने व्यवस्था गर्न समेत सुझाव दिनु भएको थियो ।

शेयरधनीबाट राय सुझाव र मन्तव्य दिने सकिएपछि संचालक समितिका अध्यक्ष श्री सुजाता जोशीज्यूले शेयरधनी महानुभावहरुलाई साधारण सभामा उपस्थित भई महत्वपूर्ण सुझाव दिनु भएकोमा धन्यवाद दिनु हुँदै उहाँहरुको जिज्ञासाका सम्वन्धमा देहाय बमोजिम स्पष्ट पार्नु भएको थियो ।

(१) आरएमडीसीमा हाल २ वटा शाखाहरु रहेको र आगामी दिनमा पहाडी र हिमाली जिल्लामा समेत संभावना देखिएमा शाखा विस्तार गरिने वताउनु भएको थियो ।

(२) आरएमडीसीको गत २०७७ आषाढ मसान्तमा निष्कृय कर्जा ०.००८% रहेको र हाल उक्त ऋण असूलीको प्रक्रियामा रहेको जानकारी गराउनु भएको थियो ।

(३) आरएमडीसीको कार्यालय भवनको लागि वजेटमा व्यवस्था गरिएको जानकारी गराउनु भएको थियो ।

(४) आरएमडीसीले दिगोरुपमा लाभांश वितरण गर्न प्रतिबद्ध रहेको र संस्थाको प्रयास त्यसै तर्फ अग्रसर रहेको समेत जानकारी गराउनु भयो ।

(४) विगतका वर्षहरुको वितरण गर्न बाँकी रहेको लाभाशं लिन आउनको लागि सूचना प्रकाशित गर्ने र ५ वर्षभन्दा बढी समयसम्म लाभांश लिन बाँकी सेयरधनीहरुको सम्वन्धमा आरएमडीसी र सेयर रजिष्ट्रारको Website मा नाम सहितको सूची प्रकाशित गरिने व्यहोरा जानकारी गराउनु भएको थियो ।

अध्यक्षको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री ज्योतिचन्द्र ओझाज्यूले शेयरधनी महानुभावहरुले महत्वपूर्ण कुरा उठाइदिनु भएकोमा धन्यवाद दिनु हुँदै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण संस्थामा नगण्य रुपमा निष्कृय कर्जा हुन गएको र उक्त ऋण असूलीको प्रक्रियामा रहेको जानकारी गराउनु हुँदै संस्थाको प्रयास निस्कृय कर्जा शुन्यमा राख्ने तर्फ नै अग्रसर रहेको समेत जानकारी गराउनु भयो ।

वार्षिक प्रतिबेदनमाथिको छलफल तथा त्यसमा उठेका जिज्ञासाका सम्बन्धमा जवाफ दिने काम समाप्त भएपछि विषयसूची अनुसार सभा समक्ष प्रस्तावहरु पेश भई निर्णय भएको थियो ।

४.२ संस्थाको आ.व. २०७६/७७ को संचालक समितिको तर्फबाट पेश भएको वार्षिक प्रतिवेदन स्वीकृतिको लागि पेश भएकोमा सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गर्‍यो ।

४.३ संस्थाका लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्टस् श्री एसआर पाण्डे एण्ड कम्पनीका तर्फबाट चार्टर्ड एकाउण्टेण्ट श्री सुदर्शन राज पाण्डेले पेश गर्नु भएको आ.व. २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन, २०७७ आषाढ मसान्तको वासलात, आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसंग सम्वद्ध अनुसूचीहरु स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सो प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गर्‍यो ।

४.४ संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पूँजी रु. ८९,९३,२३,४२५।- को ५% ले हुने रकम रु.४,४९,६६,१७१।२५ (अक्षरुपी चार करोड उनन्चास लाख छैसठी हजार एक सय एकहत्तर र पैसा पच्चीस) नगद लाभांश (नगद लाभांश र कर प्रयोजनका लागि समेत) वितरण गर्न स्विकृतिको लागि प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट स्वीकृत गर्‍यो ।

४.५ आर्थिक वर्ष २०७७/७८ को हरहिसाब लेखापरीक्षणको लागि संस्थाको लेखापरीक्षण समिति र संचालक समितिले सिफारिश गरे अनुसार लेखापरीक्षक एस.आर. पाण्डे एण्ड कम्पनी, काठमाडौंलाई लेखापरीक्षकमा नियुक्त गर्ने र लेखापरीक्षण बापत (लङ्गफर्म लेखापरीक्षण प्रतिवेदन, दफा ७८ को विवरण सहित) रु. ३,००,०००।- (भ्याट बाहेक) पारिश्रमिक दिने भनी पेश भएको प्रस्तावका सम्वन्धमा सभाले सो प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

४.६ संस्थाको संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु. ८९,९३,२३,४२५।- को १५% ले हुने रकम रु.१३,४८,९८,५१३।७५ (अक्षरुपी तेन्ह करोड अठ्चालिस लाख अन्ठानब्बे हजार पाँच सय तेन्ह र पैसा पचहत्तर) बराबरको बोनस सेयर वितरण गर्न र उक्त अनुपातमा बोनस सेयर जारी गर्दा हुन आउने भिन्न अंक (fraction) लाई पहिलेको भिन्न अंकसंग समायोजन गरी बाँकी हुन आउने भिन्न अंक पछि समायोजन गर्ने गरी यथावत राख्ने गरी बोनस शेयर वितरण गर्न स्विकृतिका लागि विशेष प्रस्ताव पेश भएकोमा सभाले सो विशेष प्रस्ताव पारित गर्ने सर्वसम्मतिबाट निर्णय गर्‍यो ।

४.७ संचालक समितिले प्रस्ताव गरे अनुसार बोनस सेयर जारी गर्न कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धिको लागि संस्थाको प्रवन्धपत्रमा निम्नानुसारको संशोधन गर्न आवश्यक भएकोले सो सम्बन्धमा प्रवन्धपत्रमा निम्न वमोजिम संशोधन गर्न विशेष प्रस्ताव पेश भएकोमा सभाले सो विशेष प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गर्‍यो ।

संस्थाको प्रबन्धपत्रको दफा ५ (क)

सेण्टरको अधिकृत पूँजी रु.१,००,००,००,०००।- (अक्षरेपि एक अरब) हुनेछ। उक्त पूँजीलाई रु. १००।- (अक्षरेपि एकसय) का दरले १,००,००,००० (एक करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। भन्ने व्यहोराको सट्टामा

वित्तीय संस्थाको अधिकृत पूँजी रु.२,००,००,००,०००।-(अक्षरेपि दुई अर्ब) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- (अक्षरेपि एक सय) का दरले २,००,००,००० (दुई करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। भनी संशोधन गर्ने।

संस्थाको प्रबन्धपत्रको दफा ५ (ख)

वित्तीय संस्थाको जारी पूँजी रु.८९,९३,२३,४२५।- (अक्षरेपि उनान्नब्बे करोड त्रीयानब्बे लाख तेईस हजार चार सय पच्चीस) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- का दरले ८९,९३,२३४.२५ (अक्षरेपि उनान्नब्बे लाख त्रीयानब्बे हजार दुई सय चौतीस दशमलव दुई पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ। भन्ने व्यहोराको सट्टामा

वित्तीय संस्थाको जारी पूँजी रु.१,०३,४२,२१,९००।- (अक्षरेपि एक अर्ब तीन करोड बयालीस लाख एकाईस हजार नौ सय) हुनेछ । सो पूँजीलाई प्रतिसेयर रु. १००।- का दरले १,०३,४२,२१९ (एक करोड तीन लाख बयालीस हजार दुई सय उनाईस) थान साधारण सेयरमा विभाजन गरिएको छ। भनी संशोधन गर्ने।

संस्थाको प्रबन्धपत्रको दफा ५ (ग)

वित्तीय संस्थाको चुक्ता पूँजी रु.८९,९३,२३,४२५।- (अक्षरेपि उनान्नब्बे करोड त्रीयानब्बे लाख तेईस हजार चार सय पच्चीस) हुनेछ। भन्ने व्यहोराको सट्टामा

वित्तीय संस्थाको चुक्ता पूँजी रु.१,०३,४२,२१,९००।- (अक्षरेपि एक अर्ब तीन करोड बयालीस लाख एकाईस हजार नौ सय) हुनेछ।

४.८ प्रबन्धपत्र संशोधन पश्चात कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने विशेष प्रस्ताव पेश भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भयो।

अन्तमा सभामा सहभागी सबै शेयरधनी महानुभावहरु, सञ्चालक तथा अन्य पदाधिकारीहरुलाई सभा सूचारु रुपमा सञ्चालन गरी सम्पन्न गर्न दिनु भएको योगदानका लागि धन्यवाद दिदै बाइसौं बार्षिक साधारण सभा अन्त भएको घोषण गर्नु भयो। साधारण सभा अपरअन्ह १२:३० बजे समापन भएको थियो।

..................
**अनिल कृष्ण जोशी**
**कम्पनी सचिव**

..................
**सुजाता जोशी**
**अध्यक्ष**
**संचालक समिति**

# आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.
## सभामा उपस्थिति

अनुसूची-१

संचालकहरु

| क.सं. | संचालकको नाम | प्रतिनिधित्व गरेको समूह/संस्थाको नाम |
|---|---|---|
| १. | श्री सुजाता जोशी, अध्यक्ष | नेपाल इन्भेष्टमेण्ट बैंक लि. |
| २. | श्री जयेन्द्र विक्रम शाह, संचालक | हिमालयन बैंक लि. |
| ३. | श्री नमिता दीक्षित, संचालक | नबिल बैंक लि. |
| ४. | श्री समता पन्त भट्ट, संचालक | नेपाल बैंक लि. |
| ५ | श्री भिम प्रसाद तिमल्सिना, संचालक | सर्वसाधारण सेयरधनी |
| ६. | श्री बासुदेव आचार्य, संचालक | स्वतन्त्र |
| ७. | श्री मुरली प्रसाद शर्मा, संचालक | सर्वसाधारण सेयरधनी |

अनुसूची-२

## संस्थापक र सर्वसाधारण सेयरधनीहरुको उपस्थिति

| क्र.सं | शेयरधनी संस्था | शेयर संख्या | प्रतिशत | शेयरधनी/प्रतिनिधिको नाम |
|---|---|---|---|---|
| १. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि., नयाँ बानेश्वर, काठमाडौं | ९०२६०८ | १०.०४% | श्री अमल बस्नेत |
| २. | नबिल बैंक लि., तिनधारा, काठमाडौं | ८७७९८५ | ९.७५% | श्री नमिता दीक्षित |
| ३. | हिमालयन बैंक लि., कमलादी, काठमाडौं | ८३०१४४ | ९.२३% | श्री जयेन्द्र विक्रम शाह |
| ४. | नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरबार मार्ग, काठमाडौं | ६६५०२७ | ७.३९% | श्री टुल जंग पाण्डे |
| ५. | नेपाल बैंक लि., धर्मपथ, काठमाडौं | ६४६६५० | ७.१९% | श्री खड्ग सिंह मोक्तान |
| ६. | एनआईसी एशिया बैंक लि., थापाथली, काठमाडौं | ४३६३६१ | ४.८५% | श्री बिमल लम्साल |
| ७. | नेपाल एस.बि.आई. बैंक लि., लैनचौर, काठमाडौं | ३२६७८२ | ३.६३% | श्री गोकुल सापकोटा |
| ८. | एभरेष्ट बैंक लि., लाजिम्पाट, काठमाडौं | २८५४५६ | ३.१७% | श्री आशुतोष शर्मा |
| ९. | सिद्धार्थ बैंक लि., हात्तीसार, काठमाडौं | २४२१२५ | २.६९% | श्री रोजर डंगोल |
| १०. | बैंक अफ काठमाडौं लि., नक्साल, काठमाडौं | १४८८८८ | १.६६% | श्री मनिश कुमार सिंह |
| ११. | राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरबार, काठमाडौं | १४३४५८ | १.६०% | श्री पवन रेग्मी |
| १२. | एनसीसी बैंक लि., बागबजार, काठमाडौं | १२२३५९ | १.३६% | श्री राजेश राज ढुंगेल |
| १३. | नेपाल बंगलादेश बैंक लि., कमलादी, काठमाडौं | ७८३६१ | ०.८७% | श्री राजन नेपाल |
| १४. | एक्सेल डेभलपमेण्ट बैंक लि., विर्तामोड | २५५२० | ०.२८% | श्री महेश मान प्रधान |
| १५. | नेपाल पुनर्बीमा कम्पनी लि, थापाथली, काठमाडौं | २१०६१ | ०.२३% | श्री विष्णु प्रसाद उपाध्याय |
| १६. | लुम्बिनी विकास बैंक लि., डिल्लीबजार, काठमाडौं | १२९९३ | ०.१४% | श्री हरिकृष्ण सुवेदी |
| | संस्थापक सेयरधनीहरु (१६) | ५७६४९७८ | ६४.१०% | |
| | सर्वसाधारण सेयरधनीहरु (३८) | २६६७२० | २.९७% | |
| | कुल जम्मा | ६०३१६९८ | ६७.०७% | |

अनुसूची-३

# सर्वसाधारण शेयरधनीहरुको उपस्थिति

| S.N | BOID NO/SH NO. | HOLDER NAME | TOTAL HOLDING |
|---|---|---|---|
| 1 | 1301070000572110 | Citizen Investment Trust | 57617 |
| 2 | 1301580000182420 | Sanima Equity Fund | 33749 |
| 3 | 1301040000143210 | Nabil Equity Fund-II | 17714 |
| 4 | 1301060000793010 | Nabil Pragati Fund | 16362 |
| 5 | 1301060000007270 | Nibl Samriddhi Fund | 16022 |
| 6 | 1301370001894040 | NIC Asia Balanced Fund | 13985 |
| 7 | 1301040000334230 | Nabil Balanced Fund | 12172 |
| 8 | 1301370001893900 | NIC Asia Growth Fund | 11552 |
| 9 | 1301240000040550 | Shankar Man Shrestha | 11137 |
| 10 | 1301090001131200 | Siddhartha Investment Growth | 10658 |
| 11 | 1301090000748680 | Siddhartha Equity Fund | 10123 |
| 12 | 1301060001483950 | Nibl Sahabhagita Fund | 8860 |
| 13 | 1301240000271160 | Sunrise First Mutual | 8134 |
| 14 | 1301070000255210 | Laxmi Equity Fund | 6903 |
| 15 | 1301240000304690 | Sunrise First mutual | 6500 |
| 16 | 1301220000003710 | Citizen Investment | 4167 |
| 17 | 1301330000003960 | Roop Bahadur Khadka | 3009 |
| 18 | 1301240000039880 | Annapurna Shrestha | 3008 |
| 19 | 1301060000503320 | Pritha Bahadur Thapa | 3008 |
| 20 | 1301240000056020 | Bhola Nath ragmi | 2006 |
| 21 | 1301340000000720 | Gyanu Maya Bhandari | 2005 |
| 22 | 1301240000033890 | Basu Dev Lamichhane | 2005 |
| 23 | 1301240000016520 | Anil Krishna Joshi | 2005 |
| 24 | 1301220000017180 | Sweta Shrestha | 1158 |
| 25 | 1301060001580690 | Nibl Pragati Fund | 977 |
| 26 | 1301240000038690 | Sukram Danuwar | 726 |
| 27 | 1301240000013740 | Parbata Neupane | 657 |
| 28 | 1301240000013750 | Shreejana Shrestha | 183 |
| 29 | 1301020000000780 | Indra Krishna Shrestha | 151 |
| 30 | 119 | Shree Krishna Byanjankar | 56 |
| 31 | 1301020000017970 | Shatakshi Shrestha | 53 |
| 32 | 1301120000002270 | Damaru Ballav Ghimire | 18 |
| 33 | 1301240000039863 | Shree Krishna Byanjankar | 16 |
| 34 | 1301020000020440 | Udhav Pd Ghimire | 15 |
| 35 | 1301020000000340 | Damaru Ballav Ghimire | 3 |
| 36 | 2539 | Shatakshi Shrestha | 3 |
| 37 | 1301290000006930 | Shiva Prasad Paudel | 2 |
| 38 | 13043 | Udhav Pd Ghimire | 1 |
| | | Total | 266720 |

अनुसूची-४

## आमन्त्रित अन्य अतिथिहरुको उपस्थिति

| क्र.सं. | नम | प्रतिनिधित्व गरेको संस्थाको नाम |
|---|---|---|
| १. | श्री विजय लाल श्रेष्ठ | सनराइज क्यापिटल लि. |
| २ | श्री रमिता महर्जन | सनराइज क्यापिटल लि. |
| ३. | श्री निशा वस्नेत | सनराइज क्यापिटल लि. |
| ४. | श्री अरुण राउत | एस आर पाण्डे एण्ड कम्पनी, लेखापरीक्षक |
| ५ | श्री लव कुमार खत्री | सुजन काफ्ले एण्ड एसोसियट्स, आन्तरिक लेखापरीक्षक |

## कर्मचारीहरुको उपस्थिति

अनुसूची-५

| क्र.सं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री ज्योतिचन्द्र ओझा | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री पृथबहादुर थापा | का.मु. नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री अन्नपूर्ण श्रेष्ठ | वरिष्ठ प्रबन्धक |
| ४. | श्री रुप बहादुर खड्का | वरिष्ठ प्रबन्धक |
| ५. | श्री वासुदेव लामिछाने | प्रबन्धक |
| ६. | श्री भोलानाथ रेग्मी | प्रबन्धक |
| ७. | श्री अनिलकृष्ण जोशी | कम्पनी सचिव/ प्रबन्धक |
| ८. | श्री ज्ञानुमाया भण्डारी | प्रबन्धक |
| ९. | श्री हिक्मत बहादुर बम | वरिष्ठ अधिकृत |
| १०. | श्री श्याम बाबु साह | वरिष्ठ अधिकृत |
| ११. | श्री स्वेता श्रेष्ठ | अधिकृत |
| १२ | श्री बिमल कुमार खतिवडा | अधिकृत |
| १३. | श्री श्रीजना श्रेष्ठ | कनिष्ठ अधिकृत |
| १४. | श्री निपुण मान श्रेष्ठ | वरिष्ठ सहायक |
| १५. | श्री कृष्ण प्रसाद चौलागाईं | वरिष्ठ सहायक |
| १६. | श्री बिनोद कुमार पण्डित | वरिष्ठ सहायक |
| १७. | श्री सुषमा प्याकुरेल | सहायक |
| १८. | श्री लक्ष्मी वस्नेत | सहायक |
| १९. | श्री सानुमैंया कासिछवा | सहायक |
| २०. | श्री श्रीकृष्ण व्यन्जनकार | वरिष्ठ सवारी चालक |
| २१. | श्री दिपेन्द्र कुमार थारु | सवारी चालक |
| २२ | श्री लाक्पा शेर्पा | वरिष्ठ मेसेन्जर |
| २३. | श्री सुकराम दनुवार | मेसेन्जर |
| २४. | श्री पार्वता न्यौपाने | मेसेन्जर |